# आर्थिक बर्ष २०८०/०८१ को

# विनियोजन ऐन

## परिवर्तन गाउँपालिका

## रोल्पा जिल्ला

## लुम्बिनी प्रदेश

## २०८०

# स्थानीय तहको बिनियोजन ऐन

## परिवर्तन गाउँपालिकाको बिनियोजन सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक

**परिवर्तन गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति :-२०८०/०३/१०

**प्रस्तावना :–**

परिवर्तन गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चितकोष बाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम परिवर्तन गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :–**

(१) यस ऐनको नाम **"परिवर्तन गाउँपालिकाको बिनियोजन ऐन २०८०"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक बर्ष २०८०/०८१ को निमित्त सञ्चित कोष बाट रकम खर्च गर्ने अधिकार :–**

(१) आर्थिक बर्ष २०८०/०८१ को निमित्त गाउँपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची (१) मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र आ ब ०८०/०८१ मा अल्या हुन आउने अनुमानित रकम १०००००० र बित्तीय ब्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४३,२३,७३,८८४/- (अक्षरुपी त्रिचालिस करोड तेइस लाख त्रिहत्तर हजार आठ सय चौरासी रुपैया मात्र ) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिनेछ ।

**३. बिनियोजन :–**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक बर्ष २०८०/०८१ को निमित्त परिवर्तन गाउँकार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिका ले बचत हुने शीर्षक बाट अपुग नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षक बाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत मा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षक हरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षक हरुमा रकम सार्न तथा निकास र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र बित्तीय ब्यवस्थातर्फ बिनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य

चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजन रकम ब्याज भुक्तानी खर्च शिर्षक मा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूजीगत खर्च र बित्तीय व्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची १

## दफा २ संग सम्बन्धित

नेपालको संबिधानको धारा २२९ (२) बमोजिम

**संचित कोष बाट बिनियोजन हूने रकम रु.**

| क.सं | अनुदान संख्या | शिर्षकको नाम | चालू खर्च | पुंजिगतखर्च | बित्तियब्यबस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गापा कार्यालय, वडा समिति, विषयगत समिति | १२४२२३८८४।०० | ७३००००००।०० | ० | १९७२२३८८४।०० |
| २ | | संघीय सरकार बाट हस्तान्तरित | १८७००००००।०० | ३००००००० ।०० | ० | २१७००००००।०० |
| ३ | | प्रदेश सरकार वाट हस्तान्तरित | १५०००० ।०० | १८००००००।०० | ० | १८१५००००।०० |
| कुल जम्मा | | | ३११३७३८८४।०० | १२१००००००।०० | | ४३२३७३८८४।०० |

२०८०/०४/११
सुक बहादुर बुढा मगर
गाउँपालिका अध्यक्ष